# परिवर्तन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
पुतलाचौर,रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८१।०८२
च.नं.

📞 ९८५७८४५००२


## प्रस्ताव आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८१/११/०५ गते

परिवर्तन गाउँपालिका पशु सेवा शाखा,पुतलाचौर रोल्पाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघीय सरकारबाट हस्तान्तरीत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सशर्त अनुदान मार्फत **आ.व.२०८१/०८२ मा नयाँ बाखा पकेट विकास कार्यक्रम** सन्चालन गर्न इच्छुक आवेदकहरुका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१/११/१९ गते)भित्र कार्यालय समयमा तोकीय बमोजिम आवश्यक कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावसाथ पेश गर्नुपर्ने निवेदनको ढाँचा,कार्यकमको मापदण्ड लगायत आवश्यक विवरणहरु यस कार्यालयको सूचनापाटी/वेवसाईट www.paribartanmun.gov.npबाट प्राप्त गर्न सकिनेछ । अन्य जानकारीको लागि सम्पर्क नं.९८४२५९१२६४/९८४१८१५७४०मा सम्पर्क राख्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.सं. | कार्यकम | सन्चालन गर्न सकिने कृयाकलाप | आवेदकको किसीम | वजेट रु.१५०००००। |
|---|---|---|---|---|
| १. | नयाँ बाखा पकेट विकास कार्यकम | १.नश्ल सुधारको लागि उन्नत जातको बोका,बाखा तथा पठेग्रा खरिद | समूह/सहकारी | ६०% |
| | | २.विमा कार्यकम,परजीवी नियन्त्रण तथा पशु स्वास्थ्य उपचार, तालिम र आहारा व्यवस्थापन कार्यकम | | ४०% |
| | | खोर सुधार | समूह/सहकारीको लगानी २५% | |

**तपसील**

**निवेदनकासाथ पेश गर्नुपर्ने कागजातहरु:**

१.समूह/सहकारी सम्बन्धित निकायमा दर्ता नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी १ ।
२.स्थाई लेखा नम्बरको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी १ ।
३.कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाँडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
४. कार्यकम माग गर्नको लागि कार्य समितीको निर्णयको प्रतिलिपी १ ।
५.. सम्बन्धित वडाको सिफारिस ।

**नोट** : रितपूर्वक पेश भएका आवेदनहरु कार्यविधीको आधारमा अनुगमन गरी समूह छनौट गरिनेछ ।

...........
प्रेम जि.एम.
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१०

(परिच्छेद ४ को ४.१.९.१ (ख), ४.२.९.१ (ख), ४.३.११ (ख) र ४.४.११ (ख) सँग सम्बन्धित)

अनुदानका लागि आवेदन फाराम (नमूना)

श्री प्रमुखज्यू

मिति:................

..................................

..........................कार्यालय, ...............।

विषय: ................................।

प्रस्तुत विषयमा यस ...............(कार्यालय) बाट मिति..............................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समूह/सहकारी/संस्था/समिति/कृषि फर्मका सदस्यहरुले .................. कार्यक्रम अन्तर्गत ................................ (क्रियाकलापहरुको नाम) सञ्चालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

.......................

| क.सं. | कृषकको नाम | ठेगाना | पति/पत्नीको नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

निवेदन साथ संलग्न कागजातहरु

(६) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(७) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

(८) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(९) कार्य समितिको निर्णयको प्रतिलिपि।

## निवेदनसाथ संलग्न गर्नुपर्ने तथ्याङ्क फारामको ढाँचा

भाग १ कृषि समूह/ सहकारी/ संस्था/ समिति र कृषि फर्मको विवरण

१. कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मको नाम:

२. कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म गठन भएको मिति:

३. कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्मको ठेगाना:

४. तपाईको समूह/संस्था कुनै सरकारी संस्थामा आवद्ध छ भने सो संस्थाको नाम ............................................दर्ता नं..........

५. कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म कसरी गठन भएको हो? कसको सहयोगमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म गठन भयो?.....................



सचिव

| बाली/वस्तु | एकाइ | भौगोलिक क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तराई | पहाड | हिमाल | |
| भैंसी | उन्नत संख्या | १०० | ८० | ६० | संकलन गर्ने कृषक उद्यमी वा समूह सहकारी |
| | स्थानीय/वर्णशंकर संख्या | २०० | १५० | १०० | |
| बाख्रा | संख्या | १००० | १००० | ६०० | |
| बंगुर | संख्या | १०० | ८० | ६० | माउ |

**४.१.५ पकेटको संख्या र कार्यक्रम सञ्चालन अवधिः** प्राविधिक सम्भाव्यता र जिल्ला प्राथमिकता प्राप्त बालीको आधारमा स्थानीय तहको प्रत्येक वडामा कम्तीमा २ वटा पकेट छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ। यी पकेटहरुमा सघनरुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन हुने गरी बढीमा २ आर्थिक वर्षसम्म पकेट कार्यक्रम सञ्चालन हुनेछन्। प्रदेश सरकार र स्थानीय तहले स्थानीय सम्भाव्यताका बालीहरुमा दोहोरो नपर्ने गरी आफ्नो उपलब्ध स्रोत साधनबाट यस्तै किसिमको पकेट कार्यक्रम सञ्चालन गर्न सक्नेछन् वा २ वर्षपछि यीनै पकेटहरुलाई समेत निरन्तरता दिन सक्नेछन्। पकेट छनौट र कार्यक्रम सञ्चालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरी लक्ष्य नदुत्र्याई सञ्चालन गर्नु पर्नेछ।

**४.१.६ पकेटको अन्य संभागहरुसँगको सम्बन्धः** पकेट क्षेत्रको विकास एवं विस्तार भएर वा नजिकका पकेटहरु क्लष्टरमा एकीकृत भई बाली वस्तुको लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेमा पकेटहरु ब्लकमा रुपान्तरित हुनेछन्। यसका लागि पकेट क्षेत्रको विकास एवं निरन्तरताको माध्यमबाट ब्लकमा स्तरोन्नती गर्दै लगिनेछ र अनुशरण (Follow up) कार्यक्रम मार्फत सम्बन्धित बालीको ब्लकसँग सम्पर्क स्थापित गराईने छ। पकेट क्षेत्रमा भएका उत्पादनले जोन र सुपरजोनका कृषि बजार र कृषि उद्योगका लागि कृषि उपज र कच्चा पदार्थ उपलब्ध गराउनेछन्। त्यस्तै जोन र सुपरजोनमा रहेका स्रोत केन्द्रहरुबाट पकेटका लागि बीउ र नश्ल लगायत अन्य प्रविधिहरु उपलब्ध हुनेछन्।

**४.१.७ सञ्चालन गर्ने निकायः** परियोजना अन्तर्गतको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन, निरन्तरता, विवरण अद्यावधिक गर्ने र अनुशरण (Follow-up) का कार्यक्रमहरु सञ्चालनको मूख्य जिम्मेवारी स्थानीय तहको हुनेछ र परियोजना कार्यान्वयन एकाइ एवं प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा क्षेत्र हेर्ने जिल्लास्थित कार्यालयले कार्यक्रम सञ्चालनमा सहजीकरण गर्नेछन्।

**४.१.८ पकेट क्षेत्र निर्धारण र कार्यक्रम स्वीकृत गर्ने व्यवस्था**

(क) राष्ट्रिय आवश्यकता एवं स्थानीय सम्भाव्यताको आधारमा बाली/वस्तु विशेषको पकेट क्षेत्र सञ्चालन गर्न ईच्छुक लक्षित समुदाय/वर्गले सम्वन्धित स्थानीय तहमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-७ बमोजिमको ढाँचामा तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ।

(ख) बाली/वस्तु विशेषको पकेट क्षेत्रको चार किल्ला निर्धारण गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछ। कृषि सम्वन्धी कार्यक्रमको लागि कृषि शाखाको प्रमुख सदस्य सचिव र पशु सेवा शाखाको प्रमुख सदस्य रहनेछन्। साथै, पशुपन्छी तथा मत्स्य सम्वन्धी कार्यक्रमको हकमा पशु सेवा शाखाको प्रमुख सदस्य सचिव र कृषि शाखाको प्रमुख सदस्य रहनेछन् ।

अनुसूची-७

(परिच्छेद ४ को ४.१.८ (क), ४.१.१३ ख (इ), ४.२.८ (क) र ४.२.१३ ख (इ) सँग सम्बन्धित)

## पकेट/ब्लक क्षेत्र मागको लागि आधारभुत तथ्याङ्क फारम

(१) प्रस्तावित पकेट/ब्लक विकास हुने बालीको नाम:

(२) प्रस्तावित पकेट/ब्लक विकास गरिने स्थान:

(३) प्रस्तावित पकेट/ब्लक क्षेत्रमा परियोजना अन्तर्गत सञ्चालन भै सकेका पकेट/ब्लकको विवरण

| पकेट / ब्लक सञ्चालन भएको बाली/वस्तु | गाउँपालिका/ नगरपालिका | वडा नम्बर | पकेट/ब्लकको क्षेत्रफल (हेक्टर) | पकेट / ब्लक सञ्चालनको अवधि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(४) प्रस्तावित पकेट/ब्लक क्षेत्र अन्तर्गत कार्यक्रममा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

| गाउँपालिका/नगरपालिका | वडा नम्बर | लक्षित कृषक घरधुरी संख्या |
|---|---|---|
| | | |
| | | |

(५) प्रस्तावित पकेट/ब्लक क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

| जग्गाको किसिम | क्षेत्रफल (हेक्टर) | सिंचित (हेक्टर) | असिंचित (हेक्टर) | सिंचित भए सिंचाइको स्रोत |
|---|---|---|---|---|
| खेत | | | | |
| पाखो | | | | |
| बारी | | | | |
| जम्मा | | | | |

(६) प्रस्तावित पकेट/ब्लक सञ्चालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व विवरण

| पकेट/ब्लक क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु | कुल क्षेत्रफल (हेक्टर)/संख्या | उत्पादकत्व (मे.टन/हेक्टर) | कुल उत्पादन (मे. टन) | अनुमानित बिक्री परिमाण (मे. टन) |
|---|---|---|---|---|
| बहुवर्षीय बाली | | | | |
| सिजनल बालीहरु | | | | |
| | | | | |
| पशुपालन | | | | |
| मत्स्यपालन | | | | |
| | | | | |

(७) प्रस्तावित पकेट/ब्लक कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट/ब्लक सञ्चालन पश्चात प्राप्त हुने उपलब्धि बिवरण उल्लेख गर्ने।